नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- २०८०/०८१

चलानी नं.:- ३९२

मितिः २०८०।१०।२१

विषयः धन्यवाद ज्ञापन ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू (सबै)।

महालेखा परिक्षकको कार्यालयको प. सं. २०८०।०८१, च. नं. ५६, मिति २०८०।९।१३ को पत्र मार्फत तत्कालिन कार्यबाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूबाट स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतज्यू हरुलाई प्रेषण भएको धन्यवाद ज्ञापन सम्बन्धी पत्र यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१०/२१

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री महालेखा परिक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनिहुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४

E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३००६
दर्ता मिति:- १०/१३

केन्द्रीय सचिवालय तथा व्यवस्थापन निर्देशनालय

पत्र सङ्ख्याः २०८०।८१
च.नं. ६८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मितिः २०८०।९।१३

स्थानीय तह समन्वय शाखा
५०।३१
१०/२१

श्रीमान सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदवार ।

विषयः धन्यवाद सम्बन्धमा

प्रस्तुत विषयमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू मिति २०८०।१०।१२ गते अनिवार्य अवकाश भई सेवा निवृत हुनु भएको छ। वहाँले सबै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतज्यूहरुलाई दिनु भएको धन्यवाद पत्र यसै साथ संलग्न गरी पठाइएको छ। उक्त पत्र तहाँबाट सबै स्थानीय तहमा पठाउने व्यवस्था गरी दिनु हुन आदेशानुसार अनुरोध गर्दछु।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११४५
दर्ता मिति:- ०८०।१०।२१

रमेश सुवेदी
निर्देशक

# नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८


मितिः २०८०।१०।११

प.स. २०८०।८१
च.नं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सबै स्थानीय तह, ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषयः धन्यवाद ।

विक्रम सम्वत् २०४२ साल फागुन ४ गते शिक्षण पेशाबाट शुरू भएको मेरो जागिरे जीवन २०४४ जेष्ठ २० देखि सहलेखापाल, २०४४ मार्ग २० देखि लेखापाल, २०५१ चैत्र ७ देखि लेखापरीक्षण अधिकारी, २०६२ मार्ग १५ देखि निर्देशक, २०७० चैत्र २७ देखि नायब महालेखापरीक्षक, २०७८ कार्तिक ११ देखि उपमहालेखापरीक्षक र २०८० श्रावण १८ देखि कार्यवाहक महालेखापरीक्षकको रूपमा कार्यरत रहँदै १ वर्ष अध्यापन, ८ वर्ष लेखा तथा २९ वर्ष लेखापरीक्षण सेवाको अनुभव सहित २०८०।१०।१२ देखि सरकारी सेवाबाट निवृत्त हुँदै छु ।

यस अवधिमा मैले कनकासुन्दरी माध्यमिक विद्यालय लुड्कु सिंजा जुम्ला, कोष तथा लेखा नियन्त्रक कार्यालय डोल्पा, जिल्ला प्रशासन कार्यालय जुम्ला, गोरखा दरबार संरक्षण परियोजना गोरखा, महालेखा नियन्त्रक कार्यालय बबरमहल, लोक सेवा आयोग केन्द्रीय कार्यालय कमलपोखरी, लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय थापाथली र महालेखापरीक्षकको कार्यालयमा कार्यरत रहँदा सहकर्मी शिक्षक तथा सम्बन्धित निकायका कर्मचारीहरूसँगको सहकार्य अनुकरणीय रहेको स्मरण गराउन चाहन्छु। सेवामा रहँदा मैले सदैव वित्तीय अनुशासन कायम गर्ने गराउने सन्दर्भमा निष्ठा, इमान्दारिता, व्यावसायिकता, निष्पक्षता, पेशाप्रति वफादार रही काम गरेको अनुभूति गरेको छु ।

सरकारी कामकै सिलसिलामा नेपालका जाजरकोट र रूकुम पूर्वबाहेक ७५ जिल्ला भ्रमण गर्ने अवसर प्राप्त भयो भने तालिम, अध्ययन भ्रमण, अवलोकन आदि सन्दर्भमा भारत, भुटान, श्रीलंका, पाकिस्तान, चीन, थाइल्यान्ड, मलेसिया, सिंगापुर, इन्डोनेशिया, नर्वे, बेलायत, चेकोस्लोभाकिया, काजकस्तान, अमेरिका र ब्राजिलको भ्रमण गर्ने अवसर समेत प्राप्त भयो ।

सरकारी सेवा प्रवेश गर्दा मेरो शैक्षिक योग्यता व्यवस्थापन संकायमा प्रवीणता प्रमाण पत्र तह रहेकोमा सरकारी सेवामा कार्यरत रहँदै व्यवस्थापन र कानून संकायमा स्नातक, व्यापार प्रशासन र जन प्रशासन संकायमा स्नातकोत्तर उत्तीर्ण गरेको छु ।

सेवा निवृत्त जीवन सामाजिक सेवामा रहने निधो गरेको छु। मेरो अनुभवको क्षेत्रमा राज्यबाट सेवा गर्ने अवसर प्राप्त भएमा सो कार्य गर्न समेत प्रतिवद्धता व्यक्त गर्दै मेरा सरकारी जीवनका हरेक क्षण तथा कार्यबाहक महालेखापरीक्षकको रूपमा कार्यरत रहँदा यहाँको सहयोग तथा योगदान अनुकरणीय र अविस्मरणीय रहको छ । यसबाट मैले सफलतापूर्वक आफ्नो कार्यकाल पुरा गर्दै महालेखापरीक्षकको कार्यालयको साख समेत अभिबृद्धि भएको महशुस गरेको छु ।यसलाई निरन्तरता दिँदै आगामी दिनमा समेत महालेखापरीक्षकको कार्यालयप्रति यहाँको सहयोग निरन्तरता रहने विश्वास गर्दै विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।धन्यवाद् ।

महेश्वर काफ्ले
(कार्यबाहक महालेखापरीक्षक)